# विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४

**प्रस्तावना :** नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भएतापनि सोको संरक्षणका लागि निश्चित कानूनी व्यवस्थाको अभावमा एच.आई.भि./एड्स संक्रमित व्यक्तिले आफु संक्रमित भएको स्थितिमा, महिलाले आफुविरुद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानूनसँगको द्वन्द व्यहोरेको स्थितिमा आफूउपर भएको अन्यायविरुद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसुस गरेको अनुभव भईरहेको, मुद्दा मामिलाको अनुसन्धान देखी फैसला कार्यान्वयनसम्मका कारवाहीको क्रममा र सो पश्चातको अवधिमा समेत निजहरुको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखि दिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप सङ्कट र असुविधा व्यहोर्नु परिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सोबमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त अधिकारअन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपरोक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारवाहीका हरेक चरणमा लागु हुने गरी गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्नेसम्बन्धी यो निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४" रहेको छ ।
(२) यो निर्देशिका आजका मितिले तिस दिनपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
(क) 'मुद्दा' भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने भनि सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनु पर्छ :-
(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नु पर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्नेबेच्ने, हाडनाता करणी एवम् महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रुपमा महिला भएका फौजदारी मुद्दाहरु,
२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरु,
३) एच.आई.भि./एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरुसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरु ।
ख) "व्यक्तिगत पचियात्मक विवरण" भन्नाले,
१. खण्ड (क) को देहाय (१) मा उल्लेखित मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्वद्ध विवरणहरुलाई जनाउनेछ ।
२. खण्ड (क) को देहाय (२) मा उल्लेखित मुद्दाको हकमा पक्षको रुपमा रहेका वालवालिकाको नाम, थर, वतन लगायतका पहिचान खुल्ने सम्पूर्ण सम्वद्ध विवरणहरुलाई जनाउनेछ ।
३. खण्ड (क) को देहाय (३) मा उल्लेखित मुद्दाहरुको हकमा एच.आई.भि./एड्स प्रभावित वा संक्रमित भएको व्यक्तिको त्यसरी प्रभावित वा संक्रमन भएको पहिचान खुल्न सक्ने लगायतका सम्पूर्ण सम्वद्ध विवरणहरुलाई जनाउनेछ ।
ग. "सम्बन्धित अधिकारी" भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतको हकमा सो अदालतका रजिष्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउनेछ ।

३. **व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने :** (१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि तहकिकात, अभियोजन, सुनुवाई, फैसला, फैसला कार्यान्वयन लगायतका सम्पूर्ण काम कारवाईका क्रममा र फैसला कार्यान्वयनपश्चात पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने

निकाय लगायतका सम्पूर्ण निकायहरुले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रुपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरु गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फिराद पत्र, प्रतिउत्तर पत्र, उजुरी, निवेदन, प्रतिवेदन, पुनरावेदन पत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशन लगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन ।

(४) मुद्दाहरुको कारवाईको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारी लगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन ।

(५) यस निर्देशिकाबमोजिम गोप्य राखिएको विवरणहरु मुद्दा किनारा भएपछि पनि गोप्य राख्नु पर्नेछ ।

४. **गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला गर्न सकिने :** गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यक देखिएको हदसम्म खुल्ला गर्न अनुमति दिन सकिनेछ ।

(१) कानूनबमोजिम खुल्ला गर्न आवश्यक ठहऱ्याई गोप्य राख्नु पर्ने अधिकारीले अनुमति दिएमा,

(२) स्वच्छ न्यायिक सुनुवाईको संरक्षणका लागि आवश्यक देखिएमा,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरुरी नभएको भनि लिखित निवेदन दिएमा ।

५. **गोपनीयता कायम गर्ने प्रकृया :** (१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरु छुट्टै पानामा लेखवद्ध इवम् शिलबन्दी गरी गोप्य राखिएको विवरणलाई संकेत गर्न छुट्टै परिचयात्मक नाम वा संख्या वा चिन्ह दिनु पर्नेछ र सोको प्रमाणिकरण सम्बन्धित अधिकारीले गर्नु पर्नेछ ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नु पर्ने भएमा सोलाई शिलबन्दी गरी सोको व्यहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नु पर्नेछ ।

(३) गोप्य राखिएका विवरणहरुको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरुको छुट्टै लगत खडा गर्ने, संकेत चिन्ह दिने र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सोबमोजिम गोप्य राख्ने वा नराख्ने भन्ने बारेमा सम्बन्धित अधिकारीले निर्णय गरेबमोजिम हुनेछ । यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नु पर्ने भए त्यसको कारण सहितको पर्चा खडा गर्नु पर्नेछ ।

६. **परिचय :** (१) मुद्दाको अनुसन्धान वा कारवाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरु उल्लेख गर्दा निजलाई संकेत गर्न दिईएको नाम, नम्वर वा चिन्हद्धारा नै गरिनेछ । निजको दस्तखतसमेत सोही संकेत, नाम, नम्वर वा चिन्हबाट गर्नु पर्नेछ ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोय राखिएको व्यक्तिलाई निजको संकेत, नाम, नम्वर वा चिन्ह उल्लेख भएको परिचय पत्र दिनु पर्नेछ ।

७. **म्याद, सूचना र पत्राचार :** व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको संकेत, नाम, नंम्वर वा चिन्हबाट गर्नु पर्नेछ । सोसम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रुपले खुल्ला नहुने अवस्था मिलाई शिलबन्दी गरिएको विवरण खोली जानकारी दिनु पर्नेछ र काम सकिएपछि पुनः शिलवन्दी गरी राख्नु पर्नेछ ।

८. **सूचना प्रकाशनमा वन्देज :** यस निर्देशिकाबमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्न हुँदैन ।

**९. गोपनीयता भङ्ग गरेमा कारवाही हुने :** (१) यस निर्देशिकाविपरित कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरु सार्वजनिक गरेमा निजले अदालतको आदेशको उलंघन गरेको मानी अदालतको अवहेलनामा कारवाही चलाईनेछ ।

(२) बन्द इजलासको कारवाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरु बन्द इजलास बाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुला गर्न पाईने छैन । सोविपरित कुनै काम गरेमा उपदफा (१) बमोजिम हुने कारवाहीको अतिरिक्त अनुशासनसम्बन्धी विभागिय कारवाहीसमेत गर्न सकिनेछ ।

**१०. उजूर गर्ने निकाय :** यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारवाही गरीपाऊँ भनि कुनै कर्मचारीको विरुद्धमा उजूरी दिनु पर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुख समक्ष र कार्यालय प्रमुखको हकमा एक तह माथिको सम्बन्धित निकायमा उजूरी दिनु पर्नेछ । यसरी पर्न आएको उजुरीको सम्बन्धमा ७ दिनभित्र टुङ्गो लगाईसक्नु पर्नेछ ।

**११. निर्देशिकाको पालना :** यो निर्देशिकाबमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदालत एवं सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१२. निर्देशिकाको कार्यान्वयनसम्बन्धी व्यवस्था :** (१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नु पर्नेछ ।

(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकील कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउनेछ । तर सम्बन्धित अधिकारीबाट बाधा अड्काउ फुक्न नसकेमा प्रतिवेदन पेश गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकासा दिनु पर्नेछ ।

(४) यो निर्देशिकाबमोजिमका प्रावधानहरु हाल चालू अवस्थामा रहेका मुद्दाहरुमासमेत अवको कामकारवाहीमा अनुशरण गर्नु पर्नेछ ।

**१३. प्रचलित कानूनबमोजिम हुने :** यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ ।